मिर्चैया नगरपालिका
Mirchaiya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
२ नं प्रदेश,नेपाल ।
2 No. Province, Nepal


पत्र संख्याः २०७७/०७८
चलानीनंबर/Dispatch No.: 663

मितिः २०७७।८।१२

विषय :- **मलखाध डिलरसिपको लागी कृषि सहकारी संस्था सिफारिस सम्बन्धमा सुचना ।**

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको कार्यालय,सिरहाको चलानि नं. ८२ मिति २०७७/०६/३० संग संलग्न पत्र कृषि सामग्री कम्पनी ली. शाखा कार्यालय लाहनको च.नं. ७० मिति ०७७/०६/२६ गतेको पत्रानुसार तथा मंत्रीपरिषदको मिति ०७७ भाद्र महिनामा पारित गरेको "अनुदानको मल वितरण व्यवस्थापन" निर्देशिका २०७७ अनुसार सिरहा जिल्लामा अनुदानको मल वितरण गर्दै आईरहेको सहकारी डिलरहरु स्वत खारेज भई स्थानिय समितिको सिफारिशमा नँया डिलरसिप कायम गरी कार्य संचालन गर्नु पर्ने व्यवस्था अनुसार अनुदानको मल वितरण निर्देशिका २०७७ ले निर्धारण गरेका व्यवस्थापनमा रही डीलरसीपको सिफारिशका लागी इच्छुक कृषि सहकारी संस्थाहरुले मिर्चैया नगरपालीका सहकारी शाखामा मिति २०७७/८/१९गते सम्म कार्यालय समय भित्र आवेदन पेश गर्नु हुन सम्बन्धित सबै कृषि सहकारी संस्थाहरुको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

**आवश्यक कागजात तथा पुर्वाधार हरु :-**

१. डिलर सिपको सिफारिस पाउँ भनि लेटर प्याडमा निवेदन ।
२. संस्थाको बार्षिक साधारण सभाको निर्णय प्रतिलिपि र मलखाध डीलर लिने वारे माईगनेटिङ्गको निर्णय को प्रतिलिपि ।
३. सहकारी संस्थाको प्रमाण पत्र र व्यवसाय दर्ता प्रमाण पत्र ।
४. स्थाई लेखा नं. प्रमाण पत्रको प्रतिलिपि । गत आ.ब. को कर चुक्ता प्रमाण ।
५. संस्थाको आ.ब. २०७६/०७७ को लेखा परिक्षण प्रतिबेदन प्रतिलिपि ।
६. डिजिटल तराजु १०० एक सय के.जी क्षमता भएको ।
७. ५००पाँच सय बोरा क्षमता भएको भूई फ्लोर आर.सि.सि.ढलान भएको गोदाम घर संस्थाको नाममा सम्झौता समेत रहेको हुनुपर्ने छ
८. कृषकहरुलाई विल अनिवार्य दिनु पर्ने व्यवस्था भएको/पन नं. भएको विलको ढाँचा/भरपाई ।
९. संस्थाको कार्यालय बोर्ड सबैले देख्ने ठाँउमा राखेको हुनु पर्ने छ ।
१०. मलखाधको प्राप्त विवरण र दर रेट हवाईट बोर्डमा लेखेर सबैले देखने ठाँउमा राखेको हुनु पर्ने व्यवस्था भएको ।
११. प्राविधिक निरिक्षण प्रतिवेदन ।
१२. ईच्छुक कृषि सहकारी संस्थाले मिर्चैया न.पा. को कुन वडामा मलखाध विकि वितरण गर्ने हो खुलाई पेश गर्ने ।
१३. संस्थामा कर्मचारी राखेको विवरण ।
१४. कम्प्युटरको व्यवस्था भएको प्रमाण ।
१५. वडा कार्यालयको सिफारिश पत्र ।

(धनन्जय महतो)
सहकारी साखा प्रमुख

(डम्बरध्वज आङ्देम्वे)
प्रमुख प्रशासकीय अधिकृत